# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौंको

## व्यक्ति तथा संस्थाका लागि बोलकबोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७६ निष्कासन गर्ने सम्बन्धी सुचना

नेपाल सरकारले राष्ट्र ऋण ऐन २०५९, राष्ट्र ऋण नियमावली २०५९ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली २०६१ अनुसार बोलकबोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७६ देहाय बमोजिमका शर्तहरु कायम गरी निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७६ (१२-वर्षे) ।
   (ख) निष्कासन गरिने कूल रकम : रु.२२०.०० करोड (दुई अर्ब बीस करोड रुपैयाँ मात्र) ।
   (ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate): ६.५० प्रतिशत (अङ्कित मुल्यमा अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
   (घ) बोलपत्र पेश गर्ने मिति : २०६४ आषाढ १९ गतेका दिन अपरान्ह ३:०० बजेभित्र ।
   (ङ) निष्कासन हुने मिति : २०६४ आषाढ २१ गते ।
   (च) साँवा भूक्तानी हुने मिति : २०७६ आषाढ २१ गते ।
   (छ) धितो सम्बन्धी व्यवस्था : यो ऋणपत्र धितो राखी कर्जा लिनदिन पाइने ।
   (ज) खरिद गर्न सकिने रकम : रु.२५,०००।- वा सो अङ्कले भागगर्दा नि:शेष हुने गरी निष्कासन हुने रकममा नबढाई ।
   (झ) फाराम सम्बन्धी व्यवस्था : विकास ऋणपत्रको बोलकवोल फाराम । यो फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाइट ( www. nrb.org.np अन्तर्गत Public Debt) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।

२. यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका संस्था अप्रतिस्पर्धी बोलवाला हुन पाउने छैनन् । प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको क्रमश: ६० प्रतिशत र ४० प्रतिशत रकम अर्थात रु.१३२.०० करोड र रु.८८.०० करोडसम्म अधिकतम एक बोलवालाले खरिदका लागि बोलपत्र पेश गर्न सक्नेछन् । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकम पुरा बिक्री नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाले खरिद गर्न पाउनेछन् । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोलपत्र पेश भएमा यी बोलवालाहरुलाई दामासाहीले ऋणपत्र बिक्री गरिनेछ ।

३. प्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम र बोल मुल्य बोलकवोल फाराममा उल्लेख गर्नू पर्नेछ । खरिद गर्न चाहेको रकमको लागि अर्द्धवार्षिक ब्याज भूक्तानी हुने आधारमा एकसय रुपैयाँ अङ्कित मुल्य बराबर आफुले बुझाउन चाहेको बोल मुल्य (Bid Price) दशमलव पछाडि चार अङ्कसम्म उल्लेख गर्नू पर्नेछ ।

४. अप्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम मात्र खुलाउनू पर्नेछ । स्वीकृत बोलकवोल मुल्यको भारित औसत बोल मुल्यमा अप्रतिस्पर्धी बोलवालाले ऋणपत्र खरिद गर्नू पर्नेछ ।

५. बोलवालाले आफुले खरिद गर्न चाहेको अङ्कित मुल्यको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको सण्ड्री क्रेडिटर्स विकास ऋणपत्र (अर्नेष्टमनी) हिसावमा जम्मा गर्नू पर्नेछ । जम्मा गरेको अर्नेष्टमनीको सक्कल भौचर बोलकवोल फारामसाथ पेश गर्नू पर्नेछ । व्यक्ति बोलवाला भएको खण्डमा नागरिकताको छविचित्र समेत पेश गर्नू पर्नेछ । स्वीकृत बोलवालाले मिति २०६४ आषाढ २१ गतेसम्म बैंकिङ्ग कारोवार समयभित्र विकास ऋणपत्र २०७६ हिसावमा बाँकी रकम जम्मा गर्नू पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापत जम्मा गरेको रकम जफत हूनेछ ।

६. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता दिइनेछ ।

७. प्राप्त बोलकबोल आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अख्तियारी यस बैंकमा रहनेछ ।

८. यस ऋणपत्रको दोश्रो बजार कारोवार नेपाल धितोपत्र विनिमय बजार लिमिटेड मार्फत हूनेछ ।

९. अघिल्लो बोलकवोलको (मिति २०६३/११/२९) को विवरण:
   (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७५"क"
   (ख) बिक्रीको लागि आव्हान गरिएको रकम : रु.२१०.०० करोड
   (ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate) : ६.५० प्रतिशत
   (घ) प्राप्त बोलपत्र संख्या : प्रतिस्पर्धी ११३ र अप्रतिस्पर्धी १४
   (ङ) माग रकम : (अ) प्रतिस्पर्धी : रु.७००.०० करोड
   (आ) अप्रतिस्पर्धी : रु.१४२.६५ करोड
   (च) निष्कासित रकम : रु.२१०.०० करोड
   (छ) एक सय रुपैयाँ अङ्कित मुल्य बराबर कायम हून आएको बोल मुल्य : अधिकतम ११८.३८९०, न्युनतम ११४.३८५७ र भारित औसत ११५.५१७७

१०. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं.४२५७८८०, ४२४८९००-९०४ एक्सटेन्सन १२३, ४२२१७६३ वा ४२४१२७२ मा सम्पर्क राख्नू हून तथा यस बैंकको वेबसाइड http:// www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्नू हून अनूरोध छ ।